आज मिति २०८१/०६/१५ गते मंगलबार निस्दी गाउँपालिका, गाउँ कार्यपालिकाको ६९ औं बैठक निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. सदस्य सचिव श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी

१७. लेखा अधिकृत श्री सरोज काफ्ले

१८. कर्मचारी श्री जिनीमाया सुनारी

१९. कार्यालय सहयोगी श्री लाल बहादुर खन्गाहा

मिति २०८१/०६/१५ गतेको निस्दी गाउँ कार्यपालिकाको ६९ औं बैठकका प्रस्तावहरु:

१. डोजरको परिचालन/प्रयोग सम्बन्धमा।

२. मोटरबाटोको मर्मत संभार सम्बन्धमा।

३. विपद् सम्बन्धमा।

४. विविध।

८१।६।१५
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

मुक्त बहादुर सारु
अध्यक्ष

मिति २०८१/०६/१५ गतेको निस्दी गाउँ कार्यपालिकाको ६९ औं बैठकका निर्णयहरु:

१. प्रस्ताव नं.१ माथि छलफल गर्दा पालिकाको डोजर वडाध्यक्ष ज्युहरुको आपसी समझदारीमा पालिका देखि वडा कार्यालय जोड्ने मुलबाटोलाई प्राथमिकता दिइ वडा नं.२,१,३ हुदै वर्षातले विगारेको बाटो सोरसार गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं.२ माथि छलफल गर्दा चाडपर्वको मुखमा वर्षातले वडा कार्यालय जोड्ने मुलबाटोहरु समेत विगारेको हुँदा वडाबाट मोटरबाटो मर्मत तथा सोरसार र विविध शिर्षकमा विनियोजित बजेटको परिधिभित्र रही जिल्ला दररेटका आधारमा एकमुष्ट सम्झौता गरी लगबुकका आधारमा भुक्तानी दिने गरी बाटो सोरसार तथा मर्मत/संभारको कार्य गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं.३ माथि छलफल गर्दा मिति २०८१/०६/१० गतेबाट परेको अविरल वर्षाको कारण पालिका भित्र जनधन, पशुचौपाया, घरगोठमा पुगेको क्षतिको विवरण वडा कार्यालयले मूचूल्का, सिफारिस, फोटो सहित कार्यालयमा पेश गर्ने र सोही आधारमा आगामी बैठकमा राहतको लागि छलफल गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं.४ माथि छलफल गर्दा पालिका भित्रका उपभोक्ता समिति मार्फत संचालन र निर्माण हुने योजनाहरुमा भुक्तानीका सन्दर्भमा उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर (VAT) दिने र सोही बमोजिम निस्दी गाउँपालिकाको आ.व.२०८१/०८२ को पालिका दररेट स्वीकृत गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं.४ माथि छलफल गर्दा आउदो वडादशै, शुभदिपावली, नेपाल संवत् र छठ पर्वको पावन अवसरमा असोज २० गते आइतबार शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गर्ने र सो कार्यक्रममा राजनैतिक दलका प्रतिनिधि, नागरिक समाज, पूर्व गाउँपालिका उपाध्यक्ष, वडाध्यक्ष, वहालवाला कार्यपालिका सदस्य, वडा सचिव, शाखा प्रमुख र कर्मचारी सबैलाई सहभागी गराउने निर्णय गरियो।

६. प्रस्ताव नं. ४ माथि छलफल गर्दा वडा कार्यालयहरुमा नागरिकताको Online प्रविष्टि र सिफारिसको लागि Scanner को अत्यन्त खाचो रहेको हुदा सबै वडाको लागि Scanner Device खरिदको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

२०८१।०६।१५

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा